नमस्कार

आदरणीय सेवाग्राही महानुभावहरु, बारा जिल्ला अदालतमा यहाँहरुलाई स्वागत छ।

कोरोना भाइरस (Covid-19) का कारणले भएको बन्दाबन्दीको अवधी मिति २०७७ साल साउन ६ गते राति १२.०० बजेदेखि अन्त्य भएको हुँदा अदालतबाट प्रदान गरिने सम्पूर्ण काम कारवाही तथा सेवा प्रवाह बन्दाबन्दी पछी अदालतको काम कारवाहीलाई सहज तरिकाले गर्ने सम्बन्धमा सरोकारवाला निकाय समेतसँगको समन्वयमा आज मिति २०७७/०४/११ गतेदेखि अदालतको काम कारवाही नियमित सञ्चालन गरिने व्यवस्था मिलाइएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

१. यस अदालतमा विचाराधिन मुद्दामा बन्दाबन्दीको कारण म्याद, हदम्याद, तारेख, पेशी गुज्रन गएका मुद्दाका पक्षले जिल्लाभित्र रहनेको हकमा मिति २०७७/४/८ देखि ३० दिनभित्र र जिल्ला बाहिर रहनेको हकमा मिति २०७७/०५/०१ देखि ३० दिनभित्र जुनसुकै दिनमा म्याद, हदम्याद, तारेख, पेशी थामिपाउँ भनी आउन सक्ने भए तापनि कोरोनाको प्रभावका कारण अदालतमा कार्यरत न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, वारेस एवं मुद्दाका पक्षहरुको स्वास्थ्य सुरक्षा समेतलाई मध्यनजर गरी अदालतमा भिडभाड कम गरी सुरक्षित तवरमा कार्य सञ्चालन गर्ने उद्देश्यले आज मिति २०७७/०४/११ गते देखि लकडाउन हुनुभन्दा अगाडि जुन दिन गते यस अदालतबाट तारिख तोकिएको हो सोही दिन गतेबाट सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट उपस्थित भई तारेख लिन सकिनेछ।

   उदाहरणको लागि २०७६ साल चैत ११ गते साधारण वा पेशी तारेख तोकिएको व्यक्तिले २०७७ साल साउन ११ गते तारेख लिन सक्नेछन् एवं प्रकारले २०७७ साल वैशाख ७ गते तारेख तोकिएकोमा निजहरुले २०७७ साल भाद्र ७ गते तारेख लिन सक्ने व्यवस्था गरिएको छ।

२. मिति २०७७ साल चैत ९ र १० गतेका लागि तारेख तोकिएका सेवाग्राहीहरुले सो अवधीको तारेख २०७७ सालको साउन २९ र ३० गते अदालतमा आई तारेख लिन सक्ने व्यवस्था मिलाइएको छ।

३. मेलमिलापको लागि तारेख तोकिएका मुद्दाहरुमा सम्बन्धित पक्षहरु मिति २०७७ साल भाद्र १ गतेपछी अदालतमा उपस्थित भई तारेख लिन सक्नेछन।

४. कानून व्यवसायी वा लेखापढी व्यवसायीहरु वारेस भई तारेखमा रहेका मुद्दाहरुमा दिनको ४:०० बजे पश्चात् तारेख लिन सकिनेछ।

५. सुरक्षाको दृष्टिलाई मध्यनजर राख्दै आपसी भौतिक दुरी कायम राख्दै पालैपालो आज मिति २०७७/०४/११ गते तारेख, पेशी, साक्षी, बकपत्र हुनेहरु मात्र अदालतमा प्रवेश गरी तारेख लिई सो पश्चात् अदालतको पूर्वी गेटबाट बाहिर गई दिनु हुन अनुरोध गर्दछौ।

धन्यवाद